नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

CDS and Clearing Ltd.

पत्र संख्या : २०७०/७१ - ९०
चलानी नं. : ४६६

## प्रेश विज्ञप्ती

धितोपत्रको केन्द्रीय निक्षेप सेवा तथा विद्युतीय माध्यमबाट राफसाफ तथा फछ्र्यौट सेवा प्रदान गर्ने उद्देश्यका साथ नेपाल स्टक एक्सचेन्ज लि. को पूर्ण स्वामित्वमा मिति २०६७ पौष ७ गते स्थापित यस सिडिएस एण्ड क्लियरिङ्ग लि. ले मिति २०६९ श्रावण १ गते देखि धितोपत्रको केन्द्रीय निक्षेप सेवा तात्कालिन अर्थ मन्त्री श्री वर्षमान पुनःज्यूको डिम्याट् खाता खोली सेवा सुरुवात गरेको थियो । मिति २०७० वैशाख २ गतेका दिन तात्कालिन अर्थ मन्त्री श्री शंकर प्रसाद कोईरालाज्यूको समुपस्थितिमा विद्युतीय माध्यमबाट धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौटको सफलता पूर्वक वास्तविक परीक्षण (Live Test) गरी नेपालमा पहिलो पटक सो कार्यको शुभारम्भ गरेको थियो ।

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी नेपाल स्टक एक्सचेन्ज लि. बाट सदस्यता प्राप्त सदस्य दलाल कम्पनीहरुले विद्युतीय माध्यमबाट धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गर्नका लागि यस कम्पनीमा राफसाफ सदस्यता लिनु पर्ने व्यवस्था भए अनुसार सम्पूर्ण सदस्य दलालहरुले राफसाफ सदस्यता लिई नेपाल स्टक हाउस प्रा.लि., स्वर्णलक्ष्मी सेक्युरिटिज प्रा.लि., भिजन सेक्युरिटिज प्रा.लि., त्रिशक्ती सेक्युरिटिज पब्लिक लि. र कालिका सेक्युरिटिज प्रा.लि. ले आवश्यक बैंक ग्यारेन्टी बुझाई आज मिति २०७१ वैशाख २ गतेका दिन नेपालमा पहिलो पटक अभौतिक धितोपत्रको कारोबार भएको छ ।

**कारोबारको विवरण यस प्रकार रहेको छ :-**

१. कारोबार नं. :२०१४०४१५१८८८७८९

२. कारोबार भएको कित्ता : ३०

३. बिक्रीकर्ता सदस्य दलाल : त्रिशक्ती सेक्युरिटिज पब्लिक लि. (सदस्य दलाल नं.:४८)

४. बिक्रीकर्ता व्यक्तिको नाम : निकेश न्यौपाने

५. खरिदकर्ता सदस्य दलाल : कालिका सेक्युरिटिज प्रा.लि. (सदस्य दलाल नं.:४६)

६. खरिदकर्ता व्यक्तिको नाम : सुशिल सापकोटा

७. कारोबार भएको कम्पनीको नाम : कृषि विकास बैंक लि. (ADBL)

धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ को उपनियम (६) अनुसार "सूचीकृत संगठित संस्थाहरुले केन्द्रीय निक्षेप कम्पनीले आफ्नो सेवा संचालनमा ल्याएको एक वर्षभित्र केन्द्रीय निक्षेप प्रणालीमा धितोपत्र निक्षेप गराइ सक्नु पर्नेछ" भन्ने व्यवस्था रहेको तथा सोही नियमावलीको नियम ३४ अनुसार "केन्द्रीय निक्षेप कम्पनीको प्रारम्भ भएको छ महिना पश्चात् विद्युतीय खाता (डिम्याट् एकाउन्ट) मा निक्षेप भएका धितोपत्र मात्र कारोबार हुनेछ" भन्ने समेत व्यवस्था रहेको हुँदा सम्पूर्ण सूचीकृत संगठित संस्थाहरु तथा लगानीकर्ताहरुले आफ्नो धितोपत्रहरु निक्षेप गराई यस कम्पनीका सेवाहरु उपयोग गर्न आव्हान गर्दछौं ।

मिति : २०७१/०१/०२

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: http://www.cdscnp.com